स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता भुवन केसीको निर्देशनमा बनेको फिल्म "बाटुलो जून"को पहिलो गीत "मेरो मन चोर्‍यौ सुटुक्कै" सार्वजनिक गरिएको छ। निर्माण पक्षले घटस्थापनाको अवसर पारेर आइतबार फिल्मको गीत सार्वजनिक गरेको हो। युग भुसालको शब्द तथा संगीत रहेको गीतमा तृषा चटर्जी र हिमांशु जान शर्माको स्वर छ। गीतको भिडिओमा फिल्मका मुख्य कलाकार अनमोल केसी र नव-अभिनेत्री प्रिन्सी खतिवडा फिचर्ड छन्।

**आजको विचार...**



पदम न्यौपाने

पर्यटनमा...

(दुई पेजमा)



झन्डै चार दशकदेखि बलिउडमा सक्रिय छन् सलमान खान। कहिले प्रेमिल अभिनेता त कहिले एक्सन अवतारमा देखिने सलमानलाई दर्शकले प्रेमपूर्वक "भाइजान" भन्छन्। ठूलो पर्दादेखि टेलिभिजनसम्म आफ्नो उपस्थिति बलियो बनाएका सलमान यतिबेला भने अर्को माध्यममा पनि चर्चामा छन्। नेपालमा समेत ठूलो फ्यान फ्लोइङ कमाएका उनले हालै युट्युब च्यानल समेत सुरु गरेका छन्। सलमानले लेखेका छन्, "सुरुदेखि सुरु गरौं। मेरो आधिकारिक युट्युब च्यानल।

❒ वर्ष ३२ ❒ अंक ८७ ❒ २०८३ असोज २६ गते सोमबार 12 October 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### क्षेप्यास्त्र आक्रमणमा १२ को मृत्यु, ३०० बढी घाइते

एपी

**काठमाडौं,** असोज २५/साउदी अरेबियाको राजधानी रियादस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा हालै भएको भीषण आक्रमणमा परी १२ जनाको मृत्यु हुनुका साथै ३०० भन्दा बढी घाइते भएका छन् । नागरिक उड्डयन प्राधिकरणले आइतबार बिहान दिएको जानकारी अनुसार घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेको छ । साउदी नेतृत्वको गठबन्धनले यस आक्रमणका लागि यमनका इरान समर्थित हुथी विद्रोहीहरूलाई जिम्मेवार ठहराएको छ । इरान युद्ध सुरु भएयता खाडी देशमा भएको यो सबैभन्दा घातक आक्रमण हो । पछिल्लो समय हुथी विद्रोही र साउदी समर्थित यमनी सरकारबीचको लडाइँले यस क्षेत्रमा द्वन्द्व झनै चर्काएको छ । क्षेत्रीय एक अधिकारीका अनुसार राजा खालिद अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल ३ र ४ मा क्षेप्यास्त्र प्रहार भएको थियो । नाम नछाप्ने सर्तमा कुरा गर्दै उनले उक्त टर्मिनलबाट आन्तरिक उडानहरू सञ्चालन हुने गरेको बताए । साउदी अधिकारीहरूले जारी गरेको विवरण अनुसार मृतकहरूमा ४ जना साउदी नागरिक, २ जना बंगलादेशी, एक जना प्यालेस्टिनी, एक अमेरिकी, एक इजिप्टियन, एक जोर्डनी, एक सिरियाली र एक सुडानी नागरिक रहेका छन् ।

# दसैंघर र कोतघरमा राखियो जमरा

***घटस्थापनाको दिन बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याइ गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौं रोप्ने गरिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेलो जमरा पनि ग्रहण गरिन्छ ।***

हाम्रा संवाददाता

**पाल्पा,** असोज २५/यस वर्षको वडा दसैं आइतबारबाट सुरू भएको छ । नवरात्रको पहिलो दिन घटस्थापनाको अवसरमा घर-घरमा दसैंको जमरा राखिएको छ । विधिवत् मन्त्रोच्चारणसहित घटस्थापनाको शुभ साइत ११ :४७ बजे जमरा राखिएको हो ।

घर-घरका पूजा कोठा वा दसैंघरमा वैदिक विधिपूर्वक शक्तिकी देवी मानिने दुर्गाको आह्वान गरिएको छ । नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याइ गाईको गोबरले लिपपोत गरिएको पूजाकोठा अथवा दसैंघरमा विधिपूर्वक राखेर त्यसमाथि जमरा राखिएको छ । दशैं घरसँगै विभिन्न कोतघरहरुमा पनि जमरा राखिएको छ । पाल्पा र गुल्मीका कोतघरहरुमा आइतबार धुमधामका साथ जमरा राखिएको छ । पाल्पाका रामपुर नगरपालिका-९, जब्गादीस्थित अग्लोडाँडाको कोतघर, मुझुङको





कालिका, छहरा, बन्दीपोखराको लिपिनदेवी, भैरवस्थान, निशान भगवती, भुसालडाँडा, ताँहु, वीरकोट, सिलुवा, गल्धा, मस्याम, देवीनगर, लगायतका देवीका मन्दिर, कोतघरमा घटस्थापना गरिएको छ । यस्तै गुल्मीका विभिन्न कोतहरुमा पनि विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिएको छ । जिल्लाका मुख्य कोतहरु इस्माकोत, धुर्कोटकोत, चन्द्रकोटकोत, मुसिकोट कोतलगायतका शक्तिपिठहरुमा घटस्थापनाका दिनदेखि पण्डित र पुजारीहरु १० दिनसम्म लगातार बस्ने गर्दछन् । मुसिकोट कोतमा पुजारीको रुपमा ठकुरी र सारु समुदायबाट अनिवार्य दुई जना चाहिन्छ भने पण्डितमा कुलपुज्ये पंगेनी र घिमिरे समुदाय चाहिने परम्परा रहेको छ । सप्तमीको दिन थापा समुदायको अनिवार्य उपस्थितिमा कुर्घाको बेलटारीबाट फूलपाती ल्याएपछि मैदानमा राखेर बाजागाजासहित डोलामा राखेर कोतमा भित्र्याउने प्रचलन रहेको छ । नवमीमा मुसिकोट कोतमा बिशेष मेला लाग्ने गर्दछ ।

इस्माकोतमा पनि घटस्थापनादेखि पूजा सुरु गरिन्छ । अर्याल परिवारका पण्डित, पुजारीमा खड्का अनिवार्य छ । सहायक पण्डितहरु दुई क्षेत्री पनि गरेर सात जनाले १० दिन इस्मा कोतमा नियमति पूजा व्यवस्थापनको काम गर्ने गर्दछन् । इस्मामा पनि रतन पाध्यका सन्तानहरुबाट फुलपाती ल्याउन रातामाटा जाने र बेलसहितको फलपाती इस्मा मैदानमा ल्याएपछि छत्र मन्दिरबाट खड्ग भगवानसहित बाजागाजासहित इस्माकोत जाने परम्परा रहेको छ । घटस्थापनाको दिन बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याइ गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौं रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेलो जमरा पनि ग्रहण गरिन्छ । जमरालाई आयुर्वेदिक औषधिका रूपमा समेत प्रयोग गरिन्छ । नवरात्रभर दुर्गाका तीन रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको विधिपूर्वक पूजाराधना गरिन्छ । महाकाली शक्ति, महालक्ष्मी धनधान्य र ऐश्वर्य तथा महासरस्वतीलाई विद्या र बुद्धिको प्रतिकका रुपमा पूजाराधना गर्ने वैदिक कालदेखिको परम्परा छ । नवरात्रको पहिलो दिन दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजाराधना गर्ने गरिन्छ ।

## भोटेकोशी बाढी: मृतकको संख्या १ हजार ४ सय ५७ पुग्यो



**पाल्पा,** असोज २५/ रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण आइतबार साँझ ६ बजेसम्म १ हजार ४ सय ५७ जनाको शव फेला परेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रसुवामा २ सय ३६, नुवाकोटमा २ सय ५, धादिङमा ७३, चितवनमा ३ सय ६९, गोरखामा ८०, तनहुँमा ३८, नवलपरासी पूर्वमा २ सय ३२ र नवलपरासी पश्चिममा २ सय २२ जनाको शव फेला परेको हो । यी जिल्लामा फेला परेका शवमध्ये धेरैको पहिचानका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ । बाढीबाट प्रभावित विभिन्न जिल्लामा ठूलो मानवीय क्षति भएको छ भने हजारौं व्यक्ति अझै बेपत्ता छन् । बेपत्ताहरूको खोजी, उद्धार, राहत वितरण, शव व्यवस्थापन तथा पहिचानका लागि सुरक्षा निकाय परिचालित छन् । ज्यान गुमाउनेहरूको शव विभिन्न जिल्लाबाट सङ्कलन गरी पहिचान तथा व्यवस्थापनको प्रक्रिया अघि बढाइएको छ । बाढीका कारण ज्यान गुमाएकाहरूको पहिचान गर्न सम्बन्धित निकायले डीएनए नमुना सङ्कलनदेखि प्रोफाइलिङसम्मका काम गरिरहेका छन् । पहिचान हुन नसकेका शवहरूको वास्तविक विवरण पत्ता लगाउन मृतकका शव तथा आफन्तबाट नमुना सङ्कलन गरिएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

## गुल्मीमा हावाहुरीले गोलभेँडा खेतीमा क्षति



**गुल्मी,** असोज २५/ गुल्मीको सत्यवती गाउँपालिका-३ स्थित ठूलोलुम्पेकमा वर्षासँगै आएको हावाहुरीले गोलभेँडा खेतीमा क्षति पुगेको छ । व्यावसायिकरूपमा निर्माण गरिएका करिब चार सय टनेलमध्ये ८० वटामा क्षति पुगेको हो ।

सत्यवती गाउँपालिका-३ का वडाध्यक्ष जितबहादुर त्रामु मगरका अनुसार हुरीले टनेलको प्लास्टिक च्यातिएपछि गोलभेँडा खेतीमा क्षति पुगेको हो । टनेलमा किसानले गोलभेँडा, बन्दा, काउली, सिमी, काँक्रा, सिमलामिर्च, तिते करेलालगायतका तरकारी उत्पादन गर्दै आएका छन् । एउटा टनेलबाट चारदेखि पाँच क्वीन्टलसम्म गोलभेँडा उत्पादन हुने त्यहाँका किसान बताउँछन् । टनेलको प्लास्टिक च्यातिएपछि गोलभेँडाका साथै अन्य तरकारीमा समेत क्षति पुगेको छ । उक्त क्षेत्रमा सबैभन्दा बढी गोलभेँडा उत्पादन हुने गरेको छ । ठूलोलुम्पेकमा उत्पादित तरकारी बिक्री गर्न स्थानीय बजारसँगै बुटवलसम्म लैजाने गरिएको छ । बजारमा गोलभेँडाको माग अत्यधिक भए पनि पछिल्लो समय माग अनुसार उत्पादन गर्न नसकिएको वडाध्यक्ष मगरले बताए । हुरीका कारण आठ लाखभन्दा बढीको गोलभेँडामा क्षति पुगेको छ । स्थानीय बजारमा गोलभेँडा प्रतिकिलो ५० देखि ६० सम्ममा तथा थोकमा ३५ देखि ४० रुपैयाँसम्म बिक्री हुने गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## चाडपर्व लक्षित सुरक्षा योजना बनाऊ

आइतबारदेखि हिन्दु नेपालीहरुको महान पर्व बडा दशैं सुरु भएको छ । अध्ययन, रोजगारी र व्यवसायका लागि घर भन्दा बाहिर रहेकाहरु दशैं मान्न घर फर्कन थालेका छन् । दसैंमा घर फर्कनेहरु र दसैं सकिएपछि शहर फर्कनेहरुको चापले यातायात आवागमनको चाप बढ्ने गर्दछ । यो बेला आपसमा झैझगडाका साथै अन्य सुरक्षा जोखिम उच्च हुन्छ । त्यति मात्र हैन यो समयमा चोरीका घटनाहरु समेत बढ्ने गर्दछन् ।

प्रमुख चाडपर्व नजिकिँदै गर्दा बजारमा चहलपहल बढ्ने, मानिसहरूको आवतजावत तीव्र हुने र आर्थिक कारोबारमा वृद्धि हुने गर्दछ । त्यी मौकामा चोरी, लुटपाट, ठगी, कालोबजारी, सवारी दुर्घटना, मादक पदार्थ सेवन गरी सवारी चलाउनेजस्ता आपराधिक तथा जोखिमपूर्ण गतिविधि बढ्न सक्ने भएकाले नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रभावकारी चाडपर्व लक्षित सुरक्षा योजना आवश्यक छ । चाडपर्वको समयमा धेरै मानिस रोजगारी तथा अध्ययनका लागि बसेको स्थानबाट आफ्नो घर फर्कने गर्छन्। यसले सार्वजनिक यातायातमा यात्रुको चाप बढाउनुका साथै सडक दुर्घटनाको जोखिमसमेत बढाउँछ । अर्कोतर्फ, घर खाली गरेर गाउँ जानेहरूको संख्या बढ्दा चोरी तथा डकैतीका घटना हुन सक्ने सम्भावना रहन्छ । बजार क्षेत्रमा किनमेल गर्नेहरूको भीड बढ्दा पाकेटमारी, ठगी र उपभोक्ता ठगीका घटना पनि हुन सक्छन् । यस्तो अवस्थामा सुरक्षा निकायले नियमित सुरक्षा व्यवस्थालाई मात्र निरन्तरता दिएर पुग्दैन, सम्भावित जोखिमको विश्लेषण गरी विशेष सुरक्षा योजना कार्यान्वयन गर्नुपर्छ । चाडपर्व लक्षित सुरक्षा योजनाको पहिलो प्राथमिकता नागरिकको जिउधनको सुरक्षा हुनुपर्छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी तथा सम्बन्धित स्थानीय निकायबीच प्रभावकारी समन्वय गरी संवेदनशील क्षेत्रहरूको पहिचान गर्न आवश्यक छ । बजार, बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल, बसपार्क, धार्मिक स्थल, मेला तथा भीडभाड हुने स्थानमा सुरक्षा निगरानी बढाउनुपर्छ । आवश्यकताअनुसार पैदल गस्ती, सवारी गस्ती, सादा पोसाकमा प्रहरी परिचालन र आकस्मिक जाँचको व्यवस्था मिलाइनुपर्छ । साथै, आपत्कालीन अवस्थामा तत्काल प्रहरी सहायता उपलब्ध हुने प्रणालीलाई चुस्त र प्रभावकारी बनाउनुपर्छ । सुरक्षा निकायले पनि नागरिकसँग मैत्रीपूर्ण व्यवहार गर्दै सूचना आदानप्रदानको सहज वातावरण बनाउनुपर्छ । सुरक्षा भनेको प्रहरीको मात्र जिम्मेवारी होइन, यो राज्य र नागरिक दुवैको साझा दायित्व हो । चाडपर्व लक्षित सुरक्षा योजना कागजमा सीमित हुनु हुँदैन । सम्भावित जोखिमको पहिचान, पर्याप्त जनशक्ति परिचालन, प्रभावकारी अनुगमन, निकायगत समन्वय र छिटो प्रतिकार्यको सुनिश्चिततासहित योजना कार्यान्वयन गर्न जरुरी छ ।

### Opinion @ Social Network

आफूलाई सम्झाउँछु "अहिले जे भइरहेको छ,
यो पनि एक दिन मेरो कथाको सुन्दर अध्याय बन्नेछ।"
*(मिना शाहीको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Shahi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पर्यटनमा नयाँ आशा, अवसर गुम्न नदिऔं



**पदम न्यौपाने**

हिजो पाल्पाको सदरमुकाम तानसेन बजारका हरेक घरका कोठा भाडामा जान्थे, हरेक गल्ली र पसलको व्यापार राम्रो थियो, कारण थियो विद्यार्थीहरु । त्यो बेला हरेक किसिमको व्यापार हुन्थ्यो । गाउँका उत्पादन बजारमै विक्रि थियो । ग्रामीण भेगका किसानको आन्दानी पनि राम्रै हुन्थ्यो । आफ्ना छोरा छोरी भेट्न आउने अभिभावकले समेत यहीबाट आवश्यक सरसामान खरिद गर्ने गर्थे, विक्रि गर्थे । यसले पनि खुद्रा व्यापार मात्र होइन्, थोक व्यापार पनि बढेको थियो । यो अवसर सिर्जना भएको थियो ,तानसेनको त्रिभूवन बहुमुखी क्याम्पसमा पढ्ने विद्यार्थीका कारण । पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पस, नेपालको पुरानो र पश्चिम नेपालकै प्रारम्भिक उच्च शिक्षण संस्था मध्ये एक हो । विसं २०११ सालमा त्रिभुवन इन्टरमिडिएट कलेजका रूपमा प्रारम्भ भएको थियो । यसको उद्देश्य पश्चिम नेपालमा उच्च शिक्षा उपलब्ध गराउने संस्था स्थापना गर्नु थियो । यस कलेजले आफ्नो उद्देश्य अनुरुप पश्चिम नेपालका करिव डेढ दर्जन जिल्लाका विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा प्रदान गरेको इतिहासले चर्चा गर्दछ । यो क्याम्पस स्थापना गर्नमा स्थानीय शिक्षाप्रेमी, शिक्षाविद्, समाजसेवी, अभिभावक, व्यवसायी तथा स्थानीय समुदायको पहल अस्मिरणिय रहेको छ । कलेजका प्रारम्भिक ४ वर्ष निकै कठिन रह्यो र बन्द हुन पुग्यो तर धेरैको अथक प्रयत्न पश्चात २०१५ जेठ ३० मा पुन: सञ्चालनमा आयो र २०१७ असार १३ मा यसको नाम त्रिभुवन डिग्री कलेज राखियो । त्यसपछि मानविकीमा स्नातक तह सुरु भयो । विस २०३० मा यो त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस बन्यो र त्यसै समयदेखि त्रिभुवन बहुमुखी क्याम्पसका रूपमा स्थापित भयो । यस कलेजको उद्देश्य पश्चिम नेपालमा उच्च शिक्षाको पहुँच विस्तार गर्नु, तानसेन र आसपासका जिल्लाका विद्यार्थीलाई स्थानीय स्तरमै उच्च शिक्षा उपलब्ध गराउनु,विभिन्न विषय तथा विधामा शिक्षा दिएर योग्य र दक्ष जनशक्ति उत्पादन गर्नु,आर्थिक वा भौगोलिक कारणले उच्च शिक्षाबाट वञ्चित हुन सक्ने विद्यार्थीलाई सुलभ उच्च शिक्षा प्रदान गर्नु, शिक्षा, अनुसन्धान र ज्ञानमार्फत पाल्पा तथा समग्र पश्चिम क्षेत्रको सामाजिक-आर्थिक विकासमा योगदान गर्नु थियो । कलेजले आफ्नो उद्देश्य बमोजिम यस क्षेत्रमा ठूलो योगदान गरेको छ । यहाँ अध्ययन गरेका पूर्वपहुँच र संलग्नता हेर्दा आज पनि क्याम्पसको आधिकारिक दृष्टिकोणमा गुणस्तरीय शिक्षा, सक्षम जनशक्ति उत्पादन, अनुसन्धान र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा शैक्षिक पहिचान निर्माणमा ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । यस दृष्टिले त्रिभुवन बहुमुखी क्याम्पस केवल एउटा शैक्षिक संस्था मात्र होइनह पाल्पा र पश्चिम नेपालको आधुनिक शैक्षिक चेतना निर्माणको एउटा ऐतिहासिक आधारका रूपमा अध्ययन गर्नुपर्ने संस्था हो । क्याम्पसको आधिकारिक इतिहास र तथ्य अनुसार प्रारम्भिक कक्षा पद्मोदय पब्लिक हाइस्कुल, पालपामा सञ्चालन भएको थियो । पछि सरकारी तथा अन्य निकायबाट अनुदान प्राप्त हुँदै गएपछि क्याम्पस लहरेपिपल, तानसेनस्थित आृनै वर्तमान परिसरमा सरेको हो । यो तथ्य आफैंमा महत्वपूर्ण छ–किनकि यसले पाल्पामा उच्च शिक्षा विकासमा स्थानीय विद्यालय र समुदायको पूर्वाधारले खेलेको भूमिका देखाउँछ । वि.सं. २०१७ असार १३ गते तत्कालीन राजा त्रिभुवनको जन्मजयन्तीको अवसरमा कलेजको नाम त्रिभुवन डिग्री कलेज राखिएको र सोही समयमा बिहानको समयमा मानविकीमा स्नातक तह सुरु गरिएको थियो । वि.सं. २०३० सालमा राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयनसँगै कलेज त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस बनेको घटनाले संस्थाको इतिहासमा निर्णायक मोड ल्यायो ।

**शैक्षिक कार्यक्रमको विस्तार:**

क्याम्पसको विकासक्रम हेर्दा यसको शैक्षिक यात्रा चार प्रमुख धारमा विस्तार भएको देखिन्छ । मानविकी, व्यवस्थापन, शिक्षा, विज्ञान र केही अवधिमा कानूनको अध्ययन समेत रह्यो । वि.सं. २०३८/३९ मा विज्ञानतर्फ इन्टरमिडिएट तह सुरु भयो । त्यसपछि विज्ञान शिक्षाका लागि बतासेडाँडामा छुट्टै संरचना निर्माण भयो । वि.सं. २०४१/४२ मा व्यवस्थापनमा स्नातकोत्तर तह सुरु भयो । कचाम्पसको आधिकारिक इतिहासअनुसार त्यस समयमा यो कलेज पृथ्वीनारायण क्याम्पस, पोखरापछि पश्चिम क्षेत्रमा स्नातकोत्तर तह सञ्चालन गर्ने महत्वपूर्ण संस्था थियो ।

**पुस्तकालयको इतिहास :**

यो क्याम्पसको इतिहासमा विशेष उल्लेख गर्नुपर्ने अर्को पक्ष हो, यसको पुस्तकालय । क्याम्पसको आधिकारिक विवरण अनुसार क्याम्पस स्थापनाकै समय २०११ सालमा त्रिभुवन कलेज पुस्तकालयको सुरुवात भएको थियो । प्रारम्भिक चरणमा अमेरिकी विश्वविद्यालय Oregon का प्राध्यापक Hugh B. Wood ले सन् २०१५ तिर २०० वटा महत्वपूर्ण पुस्तक उपलब्ध गराएको उल्लेख छ । यसलाई नेपालमा उच्च शिक्षा र अन्तर्राष्ट्रिय शैक्षिक सहयोगको प्रारम्भिक सम्बन्धको एउटा रोचक उदाहरणका रूपमा पनि लिने गरिन्छ ।

**कलेजद्धारा पाल्पाको विकासमा योगदान :**

७२ वर्षको इतिहासलाई हेर्दा पाल्पा र यस क्षेत्रको विकासका पाँच क्षेत्रमा गरेको प्रत्यक्ष योगदानका सन्दर्भमा अध्ययन गर्न सकिन्छ ।

**१. मानव पूँजी निर्माण :**

क्याम्पसले पाल्पा मात्र होइन, आसपासका जिल्लाका विद्यार्थीलाई उच्च शिक्षा उपलब्ध गराएको मात्र होइन । विद्यार्थी पढेका पहाडी तथा तराइका जिल्लाको विकासमा ठूलो योगदान गरेको थियो ।

**२. प्रशासनिक नेतृत्व उत्पादन :**

अहिले पनि क्याम्पसबाट अध्ययन गरेका धेरै व्यक्ति वा पूर्व विद्यार्थीहरु सरकारी प्रशासन, शिक्षा, राजनीति, न्याय, व्यवसाय तथा अन्य पेशागत क्षेत्रमा पुगेका छन् । क्याम्पसका पूर्वविद्यार्थीहरू विभिन्न राष्ट्रिय स्तरका विभिन्न जिम्मेवारीमा पुगेको सर्वविदितै छ ।

**३. बौद्धिक वातावरण निर्माण :**

क्याम्पसले तानसेनलाई केवल प्रशासनिक वा व्यापारिक केन्द्र मात्र नबनाई बौद्धिक तथा प्राज्ञिक केन्द्रका रूपमा समेत विकास गर्न योगदान गरेको देखिन्छ ।

**४. सामाजिक चेतनाको विकास :**

कलेजद्धारा सो बखतदेखी प्रदान गरेको उच्च शिक्षाले पाल्पामा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक विषयमा नयाँ विचार र बहस निर्माण गर्न योगदान गरेको विषय अध्ययन गर्न लायक देखिन्छ ।

**५. क्षेत्रीय शैक्षिक केन्द्र :**

एक समय तानसेनमा उच्च शिक्षा लिन पाल्पा बाहेक पश्चिम नेपालका धेरै जिल्लाबाट विद्यार्थी आउने गरेका थिए । कम्तीमा डेढ दर्जन जिल्लाहरुको शैक्षिक थलो पाल्पा बनेको थियो । यही केन्द्रको इतिहासले अहिले पनि पाल्पालाई शैक्षिक केन्द्र बनाउनुपर्दछ वा बन्ने सम्भावनाका सन्दर्भमा बहस हुने गरेको छ । कलेजले यही पृष्भूमिको स्मरण गर्दै पुरानो शाख फर्काउन नयाँ आवश्यकताको रुपमा रहेको पर्यटन तथा होटल व्यवस्थापन कक्षा सुरु गर्ने पहल समेत प्रारम्भ गरेको छ । कलेजको जनशक्ति उत्पादन योगदानको पक्षका बारेमा छुट्टै अध्ययन, अनुसन्धानको विषय बनाउन आवश्यक छ । शिक्षण, प्राध्यापन, निजामती कर्मचारी, न्याय क्षेत्र, राजनीतिक नेतृत्व, स्थानीय सरकारका जनप्रतिनिधि, स्वास्थ्य तथा प्राविधिक क्षेत्र, विज्ञान, बैंक तथा वित्तीय क्षेत्र, उद्योग/व्यवसाय, पर्यटन, सञ्चार तथा पत्रकारिता, साहित्य तथा संस्कृति, गैरसरकारी संस्था,कुटनीतिक क्षेत्र,अनुसन्धानकर्ता, विदेशमा कार्यरत/अध्यनरत जनशक्ति अध्ययनका विषय बनाउन सकिन्छ । यस्तो अध्ययनबाट कलेजको आधुनिक इतिहास प्रारम्भ हुनेछ । एउटा सत्य र अविश्मरणिय कुरा केहो भने तानसेनको समाजले शिक्षामा गरेको लगानी पछि तानसेनकै सामाजिक तथा आर्थिक पुँजीमा रूपान्तरण भयो । अर्थात् क्याम्पस तानसेनको अर्थतन्त्रको परिणाम मात्र थिएनह यो तानसेन समाजले आफैं निर्माण गरेको आर्थिक-सामाजिक पूर्वाधार पनि थियो ।

**तानसेनको अर्थतन्त्रमा सबैभन्दा ठूलो आर्थिक प्रवाह गरेको शक्ति : विद्यार्थी**

क्याम्पसद्धारा प्रकाशित विभिन्न दस्तावेजहरुमा उल्लेख गरे अनुसार विभिन्न २० जिल्लाबाट विद्यार्थी आउने गरेका थिए । यस तथ्यले त्यो समय तानसेनको अर्थतन्त्र चलायमान बनाउन ठूलो योगदान गरेको थियो । किनभने बाहिरी जिल्लाबाट आउने विद्यार्थीले तानसेनमा खर्च गर्दथे । कोठा, खाना,यातायात, पुस्तक,स्टेशनरी, सञ्चार, कपडा, स्वास्थ्य, मनोरञ्जन र अन्य दैनिक उपभोग वस्तुहरुमा गरिने खर्च स्थानीय अर्थतन्त्रका अवयव हुन् । यसरी विद्यार्थी स्वयं स्थानीय आर्थिक माग सिर्जना गर्ने उपभोक्ता हुन् । यसबाट हरेक महिना बाहिर जिल्लाबाट ठूलो रकम आउने गर्छ । यसले घरधनीको आय मात्र बढाउँदैन घर निर्माण, कोठा थप्ने, फर्निचर, पानी, बिजुली, मर्मत र घरेलु सेवाको माग पनि बढाउँछ । यसलाई अर्थशास्त्रीय भाषामा शिक्षाले स्थानीय माग बढाउन मद्धत गर्दछ भन्न सकिन्छ । क्याम्पसको यही ऐतिहासिक पृष्ठभूमिलाई मध्यनजर राख्दै हालै त्रिभुवन बहुमुखी क्याम्पसले गुमेको पुरानो शाख र योगदानमा समेत थप योगदान गर्न सकोस् भनेर पर्यटन र होटल सम्वद्ध होटल व्यवस्थापनको स्नातक तहको त्रिविविको कोर्ष सञ्चालनका लागि पहल गर्ने निर्णय गरेको छ । गत महिना कलेज सञ्चालन कार्यसमितिद्धारा गरिएको निर्णयमा भनिएको छ–त्रिभुवन बहुमुखी क्याम्पसमा नयाँ कार्यक्रम थप गर्ने योजना अनुरुप पाल्पाको सम्भावना र विद्यार्थीको मागलाई दृष्टिगत गरी स्नातक तहमा होटल म्यानेजमेन्ट कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालयमा प्रस्ताव पेश गर्ने र सरोकारवाला व्यक्तिहरु र विभिन्न संघसंस्थाहरुसँग परामर्श गरी श्रोतको सम्भावना खोजी गर्ने । यो निर्णय केवल कलेजको नयाँ विषयमा पढाइने पहलको सन्दर्भमा मात्र सिमिति छैन । यो निर्णयलाई समस्त पाल्पाली र विशेषगरी तानसेनले सम्वेदशशिलतापूर्वक हेर्नु र लिनुपर्ने देखिन्छ । नगरवासिन्दा, व्यवसायीक प्रतिष्ठान, होटल सञ्चालक, स्थानीय सरकार सबैको सक्रियता सहित यसमा पर्यटन समेत थप गरि वा नाथमद्धारा सञ्चालित कोर्ष सञ्चालन गर्न जरुरी देखिन्छ ।

**पर्यटन तथा होटल व्यवस्थापन पढाइ किन ?**

पाल्पा पर्यटकीय जिल्ला र त्यसमा पनि तानसेन झनै बृहत्तर सम्भावना बोकेको क्षेत्र । बर्शौंदेखी पर्यटनको सम्भावना भएको भन्दै आएको भए पनि संस्थागत, संरचनागत र दुरगामी सोच र अवधारणा बन्न नसकेको कारण अपेक्षित लाभमा पहुँच पुगेको छैन । पर्यटन क्षेत्र सम्वद्ध व्यवसायी र लगानी क्षेत्रले चाहाना राखेपनि पर्यटन केन्द्रित सक्रियताको अभावले ओझेल पर्दै आएको तितो यथार्थ हो । गत वर्ष तानपाद्धारा पर्यटनको क्षेत्रमा नीतिगत व्यवस्था र नविनता साथ पहल गर्न तानसेन पर्यटन बोर्ड गठन गरी तानसेन पर्यटन नीति समेत तयार भइसकेको छ । अब यस नीतिको कार्यान्वयनका लागि स्थानीय सरकार, नीजि क्षेत्र, उद्यमी व्यवसायी, पाल्पा सम्वद्ध प्रभावशाली व्यक्ति, संस्थाको चासो र सक्रियता जरुरी छ ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो क्षमता देखाउने अवसर खोज्नुहोस्। जिम्मेवारी पूरा गर्ने हिम्मत बढ्नेछ। | **तुला**: कुनै गतिविधिमा भाग लिने उत्साह बढ्नेछ। रमाइलो गर्ने योजना बन्न सक्छ। |
| **वृष** : अनुभवले व्यवहारिक कुरा सिक्नुहुनेछ। निर्णय परिवर्तन गर्न हतार नगर्नुहोस्। | **वृश्चिक** : घरको मर्मतमा ध्यान दिनुपर्नेछ। काममा आफ्नो अधिकार स्पष्ट हुनेछ। |
| **मिथुन** : नसुनेको कुरा बुझ्दा नयाँ पक्ष खुल्नेछ। तपाईंको विचारले चर्चा पाउनेछ। | **धनु** : सन्देशले दिनचर्या बदल्न सक्छ। साथीको साथमा रमाइलो क्षण बित्नेछ। |
| **कर्कट** : नियमित आम्दानीको उपयोगमा स्पष्टता आउनेछ। पानी पर्याप्त पिउनुहोस्। | **मकर** :आर्थिक जिम्मेवारी आउन सक्छ। कामको मूल्यांकन गर्दा प्रगति हेर्नुहोस्। |
| **सिंह** : नेतृत्व गर्ने चाहना बढाउनेछ। जिम्मेवारी कुशलतापूर्वक सम्हाल्न सक्नुहुनेछ। | **कुम्भ**: व्यवहारमा नम्रता राख्नुहोस्। प्रेममा अर्को पक्षलाई पनि सुन्नुहोस्। |
| **कन्या** : कलात्मक रुचि देखाउने अवसर मिल्नेछ। बहसबाट टाढा रहनु लाभदायक हुनेछ। | **मीन** : सीप सिक्ने इच्छा बढ्नेछ। रुचिको सामग्री प्राप्त हुँदा उत्साह थपिनेछ। |

# शिक्षा

## पत्रकारिताका विद्यार्थीका लागि टिकटकको दुई दिने मास्टरक्लास




मोबाइल तथा सामाजिक सञ्जालको बढ्दो प्रभावका कारण परिवर्तन भइरहेको सञ्चार क्षेत्रका लागि विद्यार्थीलाई तयार पार्ने उद्देश्यले टिकटकले त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रीय पत्रकारिता तथा आमसञ्चार विभाग (सीडीजेएमसी) को सहकार्यमा दुईदिने मास्टरक्लास आयोजना गरेको छ । काठमाडौँमा शुक्रबार आयोजित 'टिकटक मास्टरक्लास अन जर्नालिज्म एन्ड डिजिटल स्टोरीटेलिङ' मा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी, प्राध्यापक, पत्रकार, डिजिटल क्रिएटर र सञ्चार क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो । कार्यक्रममा यस प्लेटफर्म सम्बन्धी प्रशिक्षण, छलफल तथा विचार र अनुभव आदानप्रदान गरिएको थियो । मास्टरक्लासमा टिकटक, सञ्चार क्षेत्र र क्रिएटर समुदायका विज्ञहरूले विभिन्न अन्तरक्रियात्मक सत्र सञ्चालन गरेका थिए । टिकटकका विज्ञहरूले पत्रकारिता सम्बन्धी सामग्री निर्माण, सुरक्षा र जिम्मेवार स्टोरीटेलिङमा केन्द्रित सत्र सञ्चालन गरेका थिए । पत्रकार तथा डिजिटल स्टोरीटेलरहरूले आफ्ना व्यावहारिक अनुभव साझा गर्दै तीव्र गतिमा परिवर्तन भइरहेको सञ्चार क्षेत्रमा विश्वसनीयता कायम राख्ने विषयमा विद्यार्थीलाई व्यावहारिक दृष्टिकोण प्रदान गरे । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले, 'डिजिटल समाचारको यस युगमा मानिसहरूले सूचना सिर्जना गर्ने र त्यससँग जोडिने तरिका निरन्तर परिवर्तन भइरहेकाले पत्रकारिता शिक्षामा पनि परिवर्तन भइरहेको छ' भनेका छन् । यस्ता अवसरले विद्यार्थीलाई बदलिँदो सञ्चार क्षेत्र बुझ्न र अघि बढ्न सहयोग पुऱ्याउने उनले बताए । साथै, पत्रकारिताका विद्यार्थीहरूसँग अनुभव र विज्ञता बाँड्ने पहल गरेकोमा उनले टिकटकलाई धन्यवाद पनि दिएका छन् । त्यस्तै, मध्यपूर्व, अफ्रिका, दक्षिण तथा मध्य एसिया र पूर्वी युरोप क्षेत्र हेर्ने टिकटककी सञ्चार प्रमुख रोला अबु हसनले, 'मानिसहरू नयाँ आइडिया पत्ता लगाउन, आफू वरपरको संसारबारे जान्न र अर्थपूर्ण कथासँग जोडिन टिकटकमा आउँछन्' भनेकी छन् । यस मास्टरक्लासमार्फत इच्छुक तथा हाल कार्यरत पत्रकारहरूलाई सिर्जनात्मक र जिम्मेवार ढङ्गले आकर्षक डिजिटल सामग्री सिर्जना गर्न आवश्यक सीप प्रदान गर्न खोजिएको उनले बताइन् । सटीकता, प्रमाणीकरण, जवाफदेहिता र जनहित जस्ता पत्रकारिताका आधारभूत सिद्धान्तहरूलाई केन्द्रमा राख्दै डिजिटल सामग्री सिर्जना गर्न सक्षम बनाउनु कार्यक्रमको उद्देश्य रहेको उनको भनाइ थियो । कार्यक्रमको प्रमुख आकर्षणका रूपमा रहेको प्यानल छलफलमा टिकटकका गभर्नमेन्ट रिलेसन्स एन्ड पब्लिक पोलिसी प्रतिनिधि किरण चापागाईं, त्रिविका डा. श्रीराम पौडेल, बाह्रखरीका प्रधानसम्पादक प्रतीक प्रधान र कन्टेन्ट क्रिएटर रोनीष्मा श्रेष्ठको सहभागिता रहेको थियो । उक्त छलफलमा न्युजरुमदेखि न्युजफिडसम्म भइरहेको परिवर्तन, करियर, विश्वसनीयता, कृत्रिम बुद्धिमत्ता (एआई) र नेपालमा पत्रकारिताको बदलिँदो भूमिकाबारे चर्चा गरिएको थियो । मास्टरक्लासमा न्युजरुम भ्रमण र स्टोरीटेलिङ प्लेटफर्मका रूपमा टिकटकको प्रयोगबारे व्यावहारिक अनुभव प्रदान गरिएको थियो । यसका साथै कम्युनिटी गाइडलाइन्स, गलत सूचना, एआईबाट सिर्जित सामग्री र डिजिटल नागरिकतासहित सुरक्षा एवम् जिम्मेवार स्टोरीटेलिङमा समेत विशेष ध्यान दिइएको थियो ।*-सेतोपाटी डटकम*

## उच्च शिक्षा सुधारबारे मधेसमा उच्चस्तरीय संवाद



उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे मधेस प्रदेशमा उच्चस्तरीय संवाद सुरु भएको छ । युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले आज बाराको सिमरामा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे संवाद कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सैँय सांसद, प्रदेश सरकार तथा विश्वविद्यालयका पदाधिकारी, स्थानीय सरोकार भएका निकायका प्रतिनिधि, नागरिक समाज, सरकारी नीति निर्माता, विज्ञलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता छ । 'उच्च शिक्षा सुधार तथा राष्ट्रिय योग्यता प्रारुप मधेस प्रदेशमा उच्च शिक्षाको भविष्य' विषयक दुई दिवसीय उच्चस्तरीय संवाद कार्यक्रममा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे सम्बन्धित विषयविज्ञले कार्यपत्र प्रस्तुत गर्नेछन् । प्रस्तुत कार्यपत्रमाथि समूहगत छलफल हुनेछ । उच्चस्तरीय संवाद कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल सहभागी हुनेछन् । कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसी, शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेल, शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापा, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्टा, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राडा श्यामनारायण लाभ र काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा.विवेक बराल सहभागी रहेका छन् । कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा.केसीले मधेस प्रदेशको उच्च शिक्षाको अवस्थाबारे प्रस्तुतितीकरण गरेका थिए । कार्यक्रमको दोस्रो सत्रमा उच्च शिक्षाको परिदृष्यका सन्दर्भमा विशेष गरी मधेस प्रदेशलाई केन्द्रविन्दुमा राखेर उच्च शिक्षाको फुटप्रिन्ट (शिक्षाले पारेको प्रभाव, छाप वा रेखाङ्कन) प्रस्तुत गरिनेछ । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयका शिक्षाध्यक्षहरूले प्रस्तुति दिइरहेका छन् । यस्तै तेस्रो प्रस्तुतिका रूपमा शिक्षा मन्त्रालयले मधेस प्रदेशमा उच्च शिक्षाको क्षेत्रमा कस्तो सोच राखेको छ । उक्त सोच कार्यान्वयनका लागि मधेस प्रदेशका नेतृत्वबाट के कस्ता सहयोग अपेक्षा गरिएको छ भन्नेबारे प्रस्तुति रहनेछ । शिक्षा मन्त्रालयका सहसचिव जयराम अधिकारीका अनुसार संवादमा जिल्लागत रूपमा उच्च शिक्षाको सम्भाव्यता, विद्यमान समस्या तथा सुधारका सम्भावनाबारे छलफल हुनेछ । राष्ट्रिय योग्यता प्रारुपअन्तर्गत औपचारिक, अनौपचारिक तथा सीप शिक्षाबाट प्राप्त ज्ञान र सीपलाई एकीकृत तथा प्रमाणीकरण गर्ने विषयलाई प्राथमिकताका साथ छलफल गरिने उनले बताए । एक प्रकारको शिक्षाबाट अर्को प्रकारको शिक्षामा रूपान्तरण, शिक्षामा गतिशीलता, क्रेडिट सञ्चय तथा स्थानान्तरण प्रणाली विकास गर्ने विषयसमेत राष्ट्रिय योग्यता प्रारुपको महत्त्वपूर्ण पक्ष रहेको अधिकारीले जानकारी दिए । शिक्षा मन्त्रालयको विधेयकमा समेत यो विषय प्राथमिकतामा रहेको उनको भनाइ छ । अनिवार्य आधारभूत शिक्षाको अवसर नपाएका, वैकल्पिक माध्यमबाट शिक्षा हासिल गरेका तथा परम्परागत माध्यमबाट सीप प्राप्त गरेका व्यक्तिलाई राष्ट्रिय योग्यता प्रणालीमा समेट्ने उद्देश्य रहेको उनले बताए ।*-रासस*

## राजर्षिजनक विश्वविद्यालयद्वारा ५१ करोडभन्दा बढीको बजेट प्रस्तुत



राजर्षिजनक विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल ५१ करोड १७ लाख २ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । विश्वविद्यालयको सिनेट बैठक (सभा) मा प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव अनुसार पूँजीगततर्फ २१ करोड ८ लाख ९५ हजार र सञ्चालनतर्फ ३० करोड ८ लाख ७ हजार रुपैयाँ विनियोजन गरिएको छ । विश्वविद्यालय ऐन, २०७४ को व्यवस्था बमोजिम सो बजेट तथा कार्यक्रम स्वीकृतिका लागि सभामा पेस गरिएको हो । विश्वविद्यालयले प्राविधिक, व्यावसायिक तथा सामयिक शैक्षिक कार्यक्रमहरूलाई तीव्रता दिँदै गत आव २०८२/०८३ को प्रगति विवरण पनि सार्वजनिक गरेको छ । हाल विश्वविद्यालय मातहत आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा गरी कुल ५,९२७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । विश्वविद्यालयले स्नातक तथा स्नातकोत्तर तहका २० भन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा पछिल्लो समय बिआइटी, एमसिए, बिए एलएलबी, एलएलएम लगायतका ९ वटा नयाँ विषयका कक्षाहरू समेत सञ्चालनमा ल्याइसकेको छ । प्रस्तावित नयाँ कार्यक्रमअन्तर्गत आगामी शैक्षिक सत्रमा कम्तीमा ५ हजार नयाँ विद्यार्थी भर्ना गर्ने र विश्वविद्यालय अनुदान आयोगको निर्देशानुसार एकीकृत शैक्षिक क्यालेन्डर पूर्ण रूपमा लागू गर्ने लक्ष्य राखिएको छ । प्राविधिक शिक्षालाई व्यवस्थित गर्न 'स्कुल अफ हेल्थ साइन्स' सञ्चालनमा ल्याइएको छ भने विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यासका लागि विभिन्न अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरूसँग सम्झौता गरी कार्य अघि बढाइएको छ । यसका साथै, जेहेन्दार विद्यार्थीहरूका लागि 'सिक्दै कमाउँद' अवधारणा र बजारको मागमा आधारित पाठ्यक्रम लागू गरिएको छ । विश्वविद्यालयको आफ्नै भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै धनुषाको नगराइनमा प्राप्त ९ बिघा १४ कठ्ठा जग्गामा विस्तृत आयोजना प्रतिवेदन बमोजिम आधुनिक शैक्षिक भवन निर्माण प्रक्रिया थालिनेछ । यस्तै, रौतहटको गौरमा मधेस प्रदेश सरकारको सहकार्यमा पण्डित मंगलकुमार उपाध्याय बहुमुखी क्याम्पस भवन निर्माण गरिनेछ भने काठमाडौँमा हाल सञ्चालित कानुनका कार्यक्रमहरूलाई थप व्यवस्थित बनाउन छुट्टै आङ्गिक क्याम्पस स्थापना गर्ने प्रस्ताव अघि सारिएको छ । मधेस प्रदेशको बारा जिल्लामा प्रविधि विषयको आङ्गिक क्याम्पस स्थापना गर्ने प्रक्रियालाई पनि निरन्तरता दिइएको छ । प्राज्ञिक साख र अनुसन्धान प्रवर्द्धनका लागि आगामी आवदेखि उच्चस्तरीय 'रिसर्च एन्ड इनोभेसन' निकाय संस्थागत रूपमा स्थापना गरिनेछ । विश्वविद्यालयले दुई वटा विशिष्टीकृत विधामा अनुसन्धान जर्नल प्रकाशन गर्ने र पूर्वीय दर्शन, रामायण सर्किट, मिथिला कला तथा संस्कृतिको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय सम्मेलन एवं कार्यशालाहरू आयोजना गर्ने योजना बनाएको छ । साथै, विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि 'सांस्कृतिक प्रतिभा कार्यक्रम' र शैक्षिक गुणस्तर सुधारका लागि दोस्रो दीक्षान्त समारोह आयोजना गरिनेछ । विश्वविद्यालयको प्रशासनिक, आर्थिक र प्राज्ञिक कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन "पूर्ण डिजिटलाइजेशन" को नीति अघि सारिएको छ । आगामी शैक्षिक सत्रदेखि सिकाई व्यवस्थापन प्रणाली, एकीकृत क्याम्पस व्यवस्थापन प्रणाली, र विश्वविद्यालय अनुदान आयोगसँग सूचना आदानप्रदान गर्न एचएमईएस प्रणाली पूर्ण रूपमा एकीकरण गरिनेछ । परीक्षा प्रणाली, भर्ना प्रक्रिया, मानव संसाधन र लेखा प्रणालीलाई समेत अनलाइन र केन्द्रीकृत ढाँचामा ढालिने जनाइएको छ ।*-रातोपाटी डटकम*

## पर्यटनमा नयाँ आशा...

...यसकालागि छिट्टै पर्यटन सम्वद्ध परियोजनामा हस्ताक्षर नै गर्ने गरी लगानी सम्मेलन गर्ने कार्यक्रम समेत तयार पारेको छ । कलेजको यो निर्णयले समेत यही नीतिको कार्यान्वयनमा महत्वपूर्ण मद्धत गर्ने छ । पाल्पाको यो कलेजको झण्डै आधा नेपालको शिक्षा क्षेत्रमा योगदान गरेको इतिहास जस्तै यो निर्णयले समेत त्यही स्तरको प्रभाव पर्यटन क्षेत्रमा पार्ने विश्वास लिइएको छ । यस क्षेत्रको पर्यटनमा बढ्दो लगानी तर गुणस्तरिय जनशक्तिको अभाव सामना गरिरहेको होटल, रेष्टोरेन्ट तथा अन्य पर्यटन गतिविधिलाई प्रत्यक्ष मद्दत पुग्नेछ । यो सञ्चालनमा आएमा वा आउने निश्चित भएमा पर्यटन क्षेत्रमा ठूलो लगानी बढ्नेछ । यसको प्रत्यक्ष लाभ पाल्पाले पाउने छ । स्तरिय होटल स्थापनाका लागि पहल गरिरहेका लगानीकर्ताहरु कलेज स्थापनमा समेत सहकार्य गर्न तयार देखिन्छन् । विविध विधाका पर्यटकीय गतिविधिहरुमा अनपेक्षित लगानी बढ्नेछ । ठूलो संख्यामा विद्यार्थी नहुने भए पनि तीन सय हाराहारीका नयाँ र गुणस्तरिय विद्यार्थीहरु बजारमा बसोवास गर्ने छन् । त्यति मात्र होइन उनका अभिभावकको आगमन बढ्ने छ । उनिहरु मार्फत पाल्पाको प्रचारमा अर्को भूमिका रहने छ । तानसेन बजारको आवश्यकता बजारमा चहल पहल नै हो । यही आवश्यकतालाइ केही हदसम्म पुरागर्न कलेजको यो पहलले मद्धत गर्नेछ । अझै भन्नुपर्दा तानसेनको आर्थिक संरचना परिवर्तनमा समेत भूमिका खेल्नेछ । यहाँ एउटा अत्यन्त रोचक पक्ष के हो भने क्याम्पसको प्रारम्भिक इतिहासमा स्थानीय व्यवसायी, संस्था र सर्वसाधारणको आर्थिक योगदान अहम देखिन्छ । आर्थिक कठिनाइका वावुजुत स्थानीय संस्थाहरू र जनताबाट सहयोग लिएर क्याम्पसलाई सञ्चालनमा निरन्तरता मात्रै होइन की क्याम्पसको वजपूर्ण इतिहास बनाउन सफल भएको हो । यस पक्षलाई हेर्दा बजारको आर्थिक चलायमान बनाउन यहाँकै नागरिक, संस्थाहरुको भूमिका खोजीनु पर्थ्यो । तर त्यसो हुन नसकेपनि कलेजको यो प्रयत्नमा सवै पक्षको गहन सक्रियता जरुरी रहन्छ । त्रिभुवन बहुमुखी क्याम्पसले यही निर्णयसंगै अर्को महत्वपूर्ण निर्णय पनि गरेको छ । त्यो हो यस कलेजबाट हालसम्म उत्पादन भएको दक्ष जनशक्ति देशविदेशमा छरिएर रहेको छ । यो संख्याको एकिन भइ नसकेको भए पनि २ लाख बढी भएको सामान्य अनुमान गर्न सकिन्छ । विभिन्न डेढदर्जन बढी जिल्लाका विद्यार्थीले अध्ययन गरिसकेको यो सख्या नेपाल भित्र मात्र नभई विश्वका विभिन्न मुलुकमा स्थापित अवस्थामा देखिन्छन् । यो जनशक्तिको क्याम्पसप्रतिको माया हुँदाहुँदै पनि साझा मञ्चको अभावका कारण क्याम्पससँग जोडिने अवस्था नभएकोले त्यस्ता प्रतिभाहरूको अनुभव, ज्ञान,सीप संग कलेज जोडिन सकेको अवस्था छैन । यही अवस्थालाई मध्ययनजर राख्दै कलेजले सबै पूर्व विद्यार्थीहरुलाई जोडनका लागि त्रिभुवन बहुमुखी क्याम्पस भूतपूर्व विद्यार्थी मञ्च तदर्थ समिति गठन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ । यस मञ्चले पनि आफूलाई संगठीत गर्दै पहिलो परियोजनाको रुपमा पर्यटन तथा होटल व्यवस्थापनको सञ्चालनमा आफ्नो ध्यान केन्द्रित गर्ने रणनीति बनाएको छ ।

**निष्कर्ष :**

प्रारम्भिक दिनहरु देखीनै त्रिभुवन बहुमुखी क्याम्पसले पाल्पाको मात्र शिक्षा क्षेत्रमा योगदान गरेको नभई पाल्पा पश्चिमको सामाजिक आर्थिक रुपान्तरणमा गरेको योगदानको बजन गहकिलो भए जस्तै अबको यो नयाँ पहलबाट पनि त्यत्तिकै महत्व राख्ने पर्यटनको विकासमा योगदान गर्ने देखिन्छ । अर्वौ लगानी भएको पर्यटन क्षेत्रमा थप अर्वौ लगानी थप्न यस कार्यक्रमद्धारा मद्धत पुग्ने छ । पाल्पामा पनि यस मार्फत लगानी बढ्ने निश्चित छ । पाल्पाको पर्यटनले प्रत्यक्ष लाभ लिन सक्ने अवस्था यसबाट सिर्जना हुने छ । बजारको समस्याको रुपमा रहेको आर्थिक चहलपहलमा पुरानो इतिहासलाई सम्झाउने छ, सहयोग गर्ने छ । तानसेन नगरपालिका, अन्य स्थानीय सरकारहरु, व्यवसायिक संस्था, पर्यटन सम्वद्ध अंग निकायहरुको सक्रियतामा प्रदेश सरकार र संघ सरकारको ध्यानाकर्षण गराई आवश्यक पूर्वाधार व्यवस्थाका लागि जाइका, जिटिजेड, कोइका, भारतीय दुतावास जस्ता निकायहरु समक्ष पहल गर्न सकिन्छ । यो पाल्पा र पश्चिम क्षेत्रकै पर्यटन क्षेत्रमा रुपान्तकारी प्रभाव पार्ने अभियानमा गाम्भिर्यता प्रदर्शन हुन जरुरी छ ।

# घटस्थापनासँगै पाल्पाका शक्तिपीठमा भक्तजनको चहलपहल

## डाफा भजनले जोगाउँदै मौलिक संस्कृति



**पाल्पा,** असोज २५/बडादसैँको पहिलो दिन घटस्थापनादेखि पाल्पाका विभिन्न शक्तिपीठ तथा देवी भगवतीका मन्दिरमा भक्तजनको चहलपहल बढेको छ । नवरात्र प्रारम्भ भएसँगै जिल्लाका देवी मन्दिरहरूमा बिहानैदेखि पूजापाठ, दर्शन तथा भजनकीर्तन गर्ने भक्तजनको भीड लागेको हो ।

घटस्थापनाका दिन भक्तजनहरू बिहानै नदी, तलाउ, धारा तथा कुवामा स्नान गरी चोखो वस्त्र धारण गरेर देवी दुर्गाको पूजा-आराधना र दर्शनका लागि मन्दिर पुगेका थिए । जिल्लाका विभिन्न स्थानमा रहेका देवी भगवतीका मठमन्दिर सरसफाइ गरी नित्य पूजाआराधनासमेत सुरु गरिएको छ । शुभसाइतमा घर-घर तथा देवीका मन्दिरमा जमरा राखेर घटस्थापना गरिएको नवरात्र सुरु भएसँगै पाल्पाका देवी मन्दिर परिसरमा भजनकीर्तन, दुर्गा तथा चण्डीपाठ र सामूहिक देवी स्तुतिका कार्यक्रम सञ्चालन हुन थालेका छन् । यसले धार्मिक आस्था र परम्परालाई निरन्तरता दिनुका साथै स्थानीय सांस्कृतिक पहिचान संरक्षणमा समेत योगदान पुऱ्याएको छ । तानसेनस्थित भगवती मन्दिर परिसरमा गुञ्जिने परम्परागत नेवारी भाषाको डाफा भजनले विशेष आकर्षण थपेको छ । लोपोन्मुख अवस्थामा पुगेको मौलिक डाफा भजनको संरक्षणमा पाका पुस्तासँगै युवाहरू पनि सक्रिय हुन थालेका छन् । तानसेन भजन संरक्षण समिति र भगवती भजन समूहले नवरात्र अवधिभर नियमित रूपमा बिहान डाफा भजन प्रस्तुत गर्दै आएका छन् । पुस्तान्तरण हुँदै आएको यस परम्पराले नेवारी कला, संस्कृति र सांगीतिक सम्पदाको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ । तानसेनको भगवती मन्दिर, भैरवस्थानको भैरव मन्दिर, रम्भाको रम्भादेवी मन्दिर, दर्लामको महाकाली मन्दिर, बगनासकाली मन्दिर, भुवनपोखरीको रैनादेवी मन्दिर तथा बतासेको कालिका मन्दिरलगायतका शक्तिपीठमा दसैँको समयमा भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको छ । पाल्पामा नवरात्रका अवसरमा मन्दिर परिसरमा विभिन्न समूहले सामूहिक रूपमा देवी स्तुति, भजनकीर्तन तथा धार्मिक पाठ गर्ने परम्परा अझै कायम छ । जिल्लाका अधिकांश देवी, भगवती तथा दुर्गाका मन्दिर डाँडाका टाकुरा र अग्ला स्थानमा निर्माण गरिएका छन् । यस्ता मन्दिरहरूमा नवरात्र सुरु भएसँगै दैनिक पूजाआराधना र धार्मिक गतिविधि बढ्ने गरेका छन् । घटस्थापनासँगै सुरु भएको नवरात्रले पाल्पामा धार्मिक वातावरणलाई उल्लासमय बनाएको छ । देवीको आराधना, परम्परागत भजनकीर्तन र सांस्कृतिक गतिविधिमार्फत स्थानीयवासीले दसैँको धार्मिक महत्व र मौलिक परम्परालाई निरन्तरता दिइरहेका छन् ।

## भोटेकोशी बाढी: मृतकको...

...हालसम्म शवबाट १ हजार ३ सय ३७ वटा र आफन्तबाट २ हजार ९० वटा गरी कुल ३ हजार ४ सय २७ वटा डीएनए नमुना सङ्कलन गरिएको छ । सङ्कलित नमुनामध्ये शवका १ हजार ३ सय १२ वटा र आफन्तका २ हजार ७५ वटा गरी कुल ३ हजार ३ सय ८७ वटा नमुनाको प्रोफाइलिङ सम्पन्न भएको छ । डीएनए नमुनाको प्रोफाइलिङमार्फत शवको पहिचान गर्ने तथा आफन्तसँग मिलान गरी मृतकको विवरण यकिन गर्ने काम भइरहेको छ । प्राकृतिक विपत्तिका कारण शवको अवस्था र पहिचानमा समस्या उत्पन्न हुन सक्ने भएकाले वैज्ञानिक विधिबाट पहिचान गर्ने प्रक्रियालाई प्राथमिकता दिइएको छ । फेला परेका शवहरूको पहिचानका लागि आवश्यक प्रक्रिया पूरा गर्दै हालसम्म १ हजार ३ सय ३५ वटा शव व्यवस्थापन गरिएको छ । उपलब्ध विवरणअनुसार ती शवलाई माटोमुनि सुरक्षित राखिएको छ । पहिचान प्रक्रिया पूरा हुन बाँकी रहेका शवहरूको विवरणसमेत सङ्कलन गरी अभिलेखीकरण गर्ने काम भइरहेको छ । पहिचान नभएका १ हजार ४ सय ३८ वटा शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा अपलोड गरिएको छ । यसबाट बेपत्ता भएका व्यक्तिका आफन्तलाई आवश्यक विवरण खोज्न तथा सम्भावित पहिचानका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ । शवको पहिचान, अभिलेखीकरण र व्यवस्थापनलाई व्यवस्थित बनाउँदै मृतकका आफन्तलाई आवश्यक जानकारी उपलब्ध गराउने कार्यसमेत अघि बढाइएको छ । बाढीपछि हालसम्म ४ हजार ७ सय २० जना बेपत्ता रहेको विवरण सार्वजनिक भएको छ । उनीहरूको खोजी तथा उद्धारका लागि विभिन्न प्रभावित क्षेत्रमा अभियान सञ्चालन भइरहेको छ । बेपत्ता व्यक्तिहरूको अवस्था पत्ता लगाउन सुरक्षाकर्मीले प्रभावित क्षेत्रहरूमा खोजी कार्य जारी राखेका छन् । बाढीबाट प्रभावित भूभागमा खोजी तथा उद्धारसँगै शव सङ्कलन, राहत वितरण र अन्य आवश्यक व्यवस्थापनका कामसमेत भइरहेको छ ।

## गुल्मीमा हावाहुरीले गोलभैँडा...

...वडाध्यक्ष मगरका अनुसार ठूलोलुम्पेकमा इन्द्र विश्वकर्मा, लिलस राहडी, हेमराज थापा, मोतीप्रसाद श्रीस, चेतमान राहडीलगायत किसानले व्यावसायिकरुपमा तरकारी खेती गर्दै आएका छन् । वर्खामा सडक अवरुद्ध हुँदा यहाँका किसानलाई यतिबेला तरकारी बजारसम्म पुऱ्याउन सकस भएको छ । अहिले किसानले करिब एक घण्टा लामो वैकल्पिक सडक प्रयोग गरेर सङ्कलन केन्द्रसम्म तरकारी पुऱ्याउनु पर्ने बाध्यता छ । किसानलाई बजारको समस्या नहोस् भन्ने उद्देश्यले सत्यवती गाउँपालिकाले बुटवलको कृषि उपज तथा तरकारी थोक बिक्री केन्द्रमा सटर भाडामा लिएर तरकारीको व्यवस्थापन गर्दै आएको छ । तीन वर्षदेखि गाउँपालिकाले सटरको भाडा व्यहोर्दै तरकारी बिक्रीको चाँजोपाजो मिलाउँदै आएको गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए । तरकारी उत्पादनमा किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदै आएको उनले बताए । यस अन्तर्गत कृषकलाई प्रतिकिलो दुई रुपैयाँ र त्यसको व्यवस्थापन गर्ने समूहलाई प्रतिक्विन्टल २० रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको अध्यक्ष पाण्डेले बताए । *-रासस*

### खेलकुद समाचार

## लिग २ क्रिकेट : क्यानडामाथि नेपालको जित



**काठमाडौँ,** असोज २५/आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत ओमानमा भइरहेको ओडीआई शृङ्खलाको आफ्नो पहिलो खेलमा नेपालले क्यानडालाई पराजित गरेको छ । ओमान क्रिकेट एकेडेमी मिनिस्ट्री टर्फ १ मा भएको खेलमा नेपालले क्यानडालाई २४ रनले पराजित गरेको हो । नेपालले दिएको २३६ रनको लक्ष्य पछ्याएको क्यानडा ४८.४ ओभरमा २११ रनमा अलआउट भयो । क्यानडाका लागि आरोन जोनसनले ४४ रन बनाए । समित गोहेलले ३५, अखिल कुमारले अविजित ३० तथा श्रेयस मोभा र कप्तान हम्जा तारिकले समान २६ रन बनाए । नेपालका लागि करण केसी, ललित राजवंशी, सन्दीप लामिछाने र नन्दन यादवले २-२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले रोहित पौडेलको शतक मद्दतमा ५० ओभरमा सबै विकेट गुमाएर २३५ रन बनाएको थियो । रोहितले सर्वाधिक १०१ रन बनाए । १२७ बल खेलेका उनले ८ चौका र १ छक्का प्रहार गरे । गुल्शन झाले ३४ बलमा ४८ रनको क्यामिओ पारी खेले । अर्जुन कुमालले २३ रन बनाए । क्यानडाका लागि अखिल कुमारले ४ विकेट लिए भने सुख्जिन्दर सिंहले ३ विकेट लिँदा जहिर शिर्जादले २ विकेट लिए । यो शृङ्खलाको पहिलो खेलमा ओमानले क्यानडालाई हराएको थियो । त्यसपछि नेपालको शीर्ष ४ मा पर्ने सम्भावना सकिएको छ । अब नेपालको ध्यान ओडीआई स्टाटस बचाउनेतर्फ हुनेछ । जितपछि लिग २ अंकतालिकामा नेपाल ३३ खेलबाट २६ अंकसहित छैटौं स्थानमा उक्लिएको छ भने क्यानडा ३४ खेलबाट २५ अंकसहित सातौंमा झरेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## दसैंका लागि आए नयाँ नोट



**पाल्पा,** असोज २५/ नेपाल राष्ट्र बैङ्कले दसैंलगायत चाडपर्वलाई लक्षित गर्दै नयाँ नोट ल्याएको छ । निर्देशन दिएको छ । चाडपर्वलाई लक्षित गरेर राष्ट्र बैङ्क र वाणिज्य बैङ्कबाट सुकिला तथा सफा नोट साट्न सकिने राष्ट्र बैंकले जनाएको छ ।

यस पटक नयाँ नोट साट्न विगतमा जस्तो लाइन बस्न नपर्ने भएको छ । दुई वर्षसम्म चलनचल्तीका सुकिला नोटमा चित्त बुझाएका सर्वसाधारणका लागि यसपालि राष्ट्र बैंकले नयाँ नोटको पुनरागमन गराएको छ, त्यो पनि बिना झन्झट र बिना लाइन । आफ्नो पायक पर्ने बैंक तथा वित्तीय संस्थाहरुबाट सहजै नोट साट्न सकिने छ । राष्ट्र बैंकले यस वर्ष नयाँ नोट सटहीका लागि विगतमा जस्तो निश्चित मिति र विशेष सूचना निकालेर सर्वसाधारणलाई लाइन गराउने परिपाटी अन्त्य गरिदिएको छ । अघिल्ला दुई वर्ष राष्ट्र बैंकको वार्षिक नीतिअनुसार सुकिला नोट वितरण गरिएको भए पनि यसपालि मौज्दात पर्याप्त रहेकाले नयाँ नोट नै बजारमा पठाइएको हो । राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागले भनेको छ, ‘सार्वजनिक बिदाबाहेकका सबै दिनमा पायक पर्ने बैंक तथा वित्तीय संस्थाबाट ग्राहकले नयाँ नोट साट्न सक्नेछन् । वाणिज्य बैंकहरूलाई पहिले नै नयाँ नोटको भण्डार पुऱ्याइसकिएकाले काउन्टरमा भीडभाड नगरी सेवा लिन सकिने व्यवस्था मिलाइएको छ ।’ यसपालि केही बैंकहरूले आफ्ना उपयुक्त एटीएम मेसिनमार्फत समेत १०० का नयाँ नोटहरू उपलब्ध गराउन थालेका छन् । सर्वसाधारणलाई आफ्नै बैंकको शाखाबाट सहज रूपमा नोट उपलब्ध गराएर सटही सेवालाई पहिलेभन्दा धेरै व्यवस्थित बनाइएको छ । दसैं, तिहार र छठजस्ता पर्वमा दक्षिणा, किनमेल र यात्राका कारण नगदको माग साविकभन्दा ८ देखि १० प्रतिशतसम्म बढ्ने राष्ट्र बैंकको अनुमान छ । असोजअघि बजारमा करिब ७ खर्ब ९४ अर्ब रुपैयाँ चलनचल्तीमा रहेको तथ्यांक छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई